नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(.........................................................शाखा)
योजना तथा अनुगमन
सानोठिमी, भक्तपुर

पत्र संख्या :- २०७७/०७८ (यो:)
चलानी नं. :- ३९५

मितिः २०७८।०२।२५

**विषयः निःशुल्क पाठ्यपुस्तक अनुदान निकासा सम्वन्धमा ।**

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका
सबै ।

प्रस्तुत विषयमा चालु आ.व. २०७७।०७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्लास्तर ब.उ.शि.नं. ३५०००८०१ क्रियाकलाप नं २.४.६.१ सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान रकम व्यवस्थापन गर्ने गराउने सन्दर्भमा विद्यालयबाट एकिन भइ आएको विद्यार्थी संख्याका आधारमा जम्मा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाइ पुग्ने गरी दोस्रो चौमासिकभित्र विद्यालयलाइ निकासा दिने र २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम चालु आ.व.को आषाढभित्र थप अनुदान निकासा दिने भनी उल्लेख भएकोमा २०७८ सालको शैक्षिक सत्र आषाढ १ गतेदेखि मात्र प्रारम्भ हुने र त्यसपछि भर्ना भएका विद्यार्थीहरुको विवरण, पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको प्रक्रिया अगाडि बढाउँदा चालु आ.व. समाप्त हुने भएकाले विद्यालयमा विद्यार्थी भर्ना भइ संख्या यकिन हुन नसकेमा शैक्षित्र सत्र २०७७ को भर्ना संख्यालाइ आधार मानी निःशुल्क पाठ्यपुस्तक वापतको सतप्रतिशत अनुदान विद्यालयमा निकासा दिइ सबै बालबालिकाहरुका लागि निःशुल्क पाठ्यपुस्तक सुनिश्चत हुने आवश्यक व्यवस्था मिलाउनु हुन यस केन्द्रको मिति २०७८।०२।२५ को निर्णय अनुसार अनुरोध छ ।

२०७८।२।२५
रामप्रसाद शर्मा
शाखा अधिकृत

**बोधार्थः**
श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै । : आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।
श्री सामुदायिक विद्यालयहरु, सबै ।